# बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५

| लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| २०१५।८।११ | २०१५।८।१८ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. न्याय प्रशासन सुधार (चौंथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| २. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | **प्रमाणीकरण र प्रकाशन मिति** |
| ३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

**२०१५ सालको ऐन नं. १९**

✂... ... ...

## बिर्तावालले रकम लिन खान नपाउने गर्नको निमित्त बनेको ऐन

बिर्ता जग्गाको बाली बाहेक अरू रकम बिर्तावालहरुले लिन खान नपाउने गर्न आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

**१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम “बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५” रहेको छ ।

(२) यो नेपाल राज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “बिर्ता” भन्नाले जम्मै वा केही मालपोत माफी खान पाउने गरी पाएको सबै किसिमका माफी जग्गालाई सम्झनु पर्छ ।

(ख) “बिर्तावाल” भन्नाले खण्ड (क) बमोजिमको जग्गाको माफीवाला धनीलाई सम्झनु पर्छ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ग) “बाली” भन्नाले,-

(१) बिर्ता जग्गा कमाउनेले बिर्तावाललाई बुझाउनु पर्ने जग्गैलाई लागेको कूत तिरो, वा

(२) बिर्तावाल आफैंले कमाएको भए सो जग्गामा उब्जेको बाली सम्झनु पर्छ ।

(घ) “रकम” भन्नाले भट्टी, चर्सा र यस्तै किसिमका अरू रकमलाई सम्झनु पर्छ ।

३. **बिर्तावालले बिर्तामा रकम लगाई खान मनाई** : (१) आर्थिक साल २०११-२०१२ देखि बिर्तावालले बिर्ता जग्गाको बाली बाहेक बिर्तामा कुनै किसिमको रकम लगाई वा बन्दोबस्त गरी लिन खान हुँदैन । तर आर्थिक साल २०११-२०१२ देखि २०१२-२०१३ सम्मका रकमको आम्दानीमा ६५ प्रतिशत बिर्तावालले पाउने छन् ।

(२) उपदफा (१) बमोजिम बिर्तावालले लिन खान नपाउने भएको रकम वा रकमको आम्दानी नेपाल सरकारको हुनेछ र त्यसको बन्दोबस्त वा असूल तहसील नेपाल सरकारबाटै हुनेछ ।

तर नेपाल सरकारबाट बन्दोबस्त वा असूली तहसील नहुँदै बिर्तावाल तर्फबाटै भोग वा चलन बन्दोवस्त भइसकेको रकम जतिमा आर्थिक साल २०१२-२०१३ सम्मको ३५ प्रतिशत र आर्थिक साल २०१३/२०१४ देखि पूरै आम्दानी आदेशद्वारा तोकिएका म्यादभित्र बिर्तावालले नेपाल सरकारमा दाखिल गर्नु पर्नेछ ।

४. **मिति नपुगेको ठेक्का नेपाल सरकारमा सर्ने** : अघि बिर्तावाल तर्फबाट बन्दोवस्त भएको ठेक्काको अन्तिम मिति यो ऐनको प्रारम्भ मितिसम्म भुक्तान भइसकेको रहेनछ भने त्यस्तो ठेक्का जति नेपाल सरकारमा सर्नेछ ।

तर सो ठेक्का रीत पूर्वकको नदेखिएमा वा प्रमाणित नभएमा वा ३ वर्ष भन्दा बढी समयको अवधि तोकिएको मान्य हुने छैन ।

५. **सजाय** : यो ऐन प्रारम्भ हुनु भन्दा अघिको ठेक्का वा ठेक्काको मिति वा अङ्क झुट्टा देखाउने वा कुनै किसिमबाट पनि नेपाल सरकारको नोक्सान पर्ने वा त्यस्तो उद्योग गर्ने अथवा दफा ३ बमोजिम आम्दानी दाखिल नगर्नेलाई बिगो बमोजिम सम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै हुनेछ र त्यस्ताबाट सरकारी बिगो पनि असूल उपर गरिने छ ।

६. **मुद्दा हेर्ने अधिकार** : (१) यस ऐन अन्तरगत रकम सम्बन्धी कुरा परी आएमा नेपाल सरकारसँग सम्बन्ध पर्ने जति *प्रमुख जिल्ला अधिकारीले ठाडो कारवाई गरी निर्णय गर्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कारवाईको सम्बन्धमा *प्रमुख जिल्ला अधिकारीलाई अदालतको सबै अधिकार प्राप्त हुनेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारसँग सम्बन्धित कुनै कुरामा अदालतमा सवाल जवाफ हुने छैन ।

📖७. **पुनरावेदन** : यस ऐनबमोजिम *प्रमुख जिल्ला अधिकारी ले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले ➁उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

८. **खारेजी र क्षतिपूर्तिको दावा नलाग्ने** : यस ऐन अन्तरगत रकमको सम्बन्धमा कुनै व्यक्तिले लिन खान पाउने गरी कुनै सनद लिखतपत्रहरु केही भैराखेको भए त्यस्ता सनद लिखतपत्रहरु आर्थिक साल २०११/२०१२ देखि खारेज भएको मानिनेछ र सो रकम सरकारी भएकोमा कुनै क्षतिपूर्तिको दावा गर्न पाइने छैन ।

९. **बाधा फुकाउने अधिकार** : यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले ती बाधा अड्काउ फुकाउनका लागि राजपत्रमा सूचना प्रकाशन गरी चाहिदो आदेश निकाल्न सक्नेछ र त्यस्ता हरएक आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

१०. **नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वित गर्नलाई नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

११. **यो ऐन र यस अन्तरगत बन्ने नियममा नलेखिएकोमा गर्ने** : यो ऐन र यस अन्तरगत बन्ने नियममा लेखिएको जति कुरामा यही ऐन र नियममा लेखिएबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम गर्नु पर्छ ।

---

* गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।
📖 न्याय प्रशासन सुधार (चौंथो संशोधन) ऐन, २०४३ द्वारा संशोधित ।
➁ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

**द्रष्टव्य:** केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरू:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

नेपाल कानून आयोग